# प्रदेश लोक सेवा आयोग

लुम्बिनी प्रदेश, मुकामः बुटवल, नेपाल

✆ 071-540056, 541062
-info.ppsc@lumbini.gov.np
-ppsc.lumbini@gmail.com
www.ppsc.lumbini.gov.np


पत्र संख्याः ०७९-८०
चलानी नं.:

प्रदेश लोक सेवा आयोग
लुम्बिनी प्रदेश
मुकाम बुटवल, नेपाल

## प्रेस विज्ञप्ति

प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशले वार्षिक रुपमा सम्पादन गरेका कामको आ.व.०७८-७९ को तृतीय वार्षिक प्रतिवेदन मिति २०७९/०५/२४ गते माननीय प्रदेश प्रमुख श्री अमिक शेरचन समक्ष पेश गरेको छ।

प्रदेश लोक सेवा आयोगका अध्यक्ष प्रा. डिलाराम भट्टराईले उक्त प्रतिवेदन पेश गर्दै आयोगले आ.व.०७८/७९ मा सम्पादन गरेका काम कारवाहीहरुको संक्षिप्त व्यहोरा प्रस्तुत गर्नु भएको थियो। सो अवसरमा प्रदेश लोक सेवा आयोगका सदस्यहरु श्री बाबुराम गौतम र श्री डिम्पल गुरुङ्ग एवं प्रदेश प्रमुखको कार्यालय र आयोगका कर्मचारीहरुको पनि उपस्थिति रहेको थियो।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४३ मा आयोगले गरेका कामकारवाहीहरुको वार्षिक प्रतिवेदन नयाँ आर्थिक वर्ष प्रारम्भ भएको मितिले दुई महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ। आयोगले आ.व. ०७८/७९ मा २३ वटा बैठक बसी विभिन्न ३६ वटा निर्णयहरु गरेको, नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायक स्तर पाँचौं र चौथो तह (अप्राविधिक) तथा नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, तहविहीन वनरक्षक पदहरुमा गरी कूल १२३ जना उम्मेदवार सिफारिश, विभिन्न राय परामर्श दिने, विद्युतीय दरखास्त संकलन कार्यलाई थप व्यवस्थित बनाउने, आयोगको वेभसाइटको स्तरोन्नति, आयोगका काम, कर्तव्य र भावी कार्यदिशा बारे गोष्ठी सञ्चालन लगायतका कार्यहरु भएका छन्।

प्रस्तुत प्रतिवेदनको सुझाव खण्डमा प्रदेश सरकारले बनाउनु पर्ने ऐन, कानून तथा स्थानीय तह तथा प्रदेश स्तरका कर्मचारीहरुको तालिम तथा अभिलेख व्यवस्थापनलाई जोड दिइएको छ। साथै प्रतिवेदनमा आयोगले विगतमा झैं भवन, भौतिक पूर्वाधार, जनशक्ति र स्रोतसाधनका सम्बन्धमा समेत सुझाव प्रस्तुत गरेको छ।

मितिः २०७९।०५।२४

...........................
(कमल ज्ञवाली)
उपसचिव/प्रवक्ता